CC-0. In Public Domain. Digitization by eGangotri

अद्वैतवाद

डा. राधाकृष्णनज्यूको भारतीय दर्शनको

शांशुक भारति

द० ६३०५
वा०वि०पी०, पु०
- २।-

श म ली कि बा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अद्वैत वाद

विश्वप्रसिद्ध दार्शनिक एवं भूतपूर्व राष्ट्रपति

डा० राधाकृष्णन् महोदयको

भारतीय दर्शनको पाण्डित्यपूर्ण

अध्ययनमाथि अनुभवपूर्ण

समालोचना



लेखक :

खण्डन चक्र पाणी गांगाराम श्रेष्ठ "अद्वैत रत्न"

सभापति

विरोध विमर्श विभाग

अद्वैत संस्था

(नेपाल)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

❋ प्रकाशकः

विरोध विमर्श विभाग

अद्वैत संस्था,

नेपाल ।

❋ सर्वाधिकार प्रकाशकमा सुरक्षित

❋ मूल्यः २।–

❋ पहिलो पटक १००० प्रति

❋ आश्विन २०३०

❋ मुद्रक

भारती प्रेस

१।१६५ भृकुटीपथ, नारायणगढ चितवन, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुक्रमणिका

प्राक्कथन :

डा० राधाकृष्णन्को धृष्टता १

भारतीय दर्शनमा दुरुक्ति ४

गौडपादीय आजातवाद १४

अज्ञात आत्मा २०

अद्वैत सस्था नेपाल २४

गीतामृत २७

गौडपाद र बौद्ध दर्शन ३०

अध्यास ३३

दर्शन र वर्तन ३८

साक्षी ४३

मुक्ति ४६

उपसंहार ५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आमुख

सम्माननीय भारतीय भूतपूर्व राष्ट्रपति डा० सर्वपल्ली राधाकृष्णन्को उत्कृष्ट कृति भारतीय-दर्शन आधुनिक आध्यात्मिक जगतमा एक विशेष स्थान राख्दछ । यस ग्रन्थको अवलोकनबाट प्राच्य दर्शनको गरीमा र महत्ता पनि बुझिन्छ । यसकृतिबाट बुझिन्छ कि डा० राधाकृष्णन् एक उच्चकोटीका बुद्धिजीवी एवं दार्शनिक हुनुहुन्छ । भारतीय दर्शनलाई सबैको आँखाको अगाडि ल्याइदिनु डा० राधाकृष्णन्ज्यूको प्रयास प्रशंसनीय र स्तुत्य पनि हो ।

भारतीय दर्शन एक अत्यन्त गहन विषय हो । यस दर्शनको अन्तःपाती पर्न आउने विभिन्न दर्शनको उहापोह विचार गर्नु प्रायः बडो कठिन कुरो हो । यसै हुनाले प्रायः कमै मानिसहरूले भारतीय दर्शनको सार्थक व्याख्या गर्न सकेका छन् । किताबको नाउँ "भारतीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दर्शन" राखेर मात्र भारतीय दर्शन र दार्शनिकहरूको विचार यथार्थतया अभिव्यक्त भयो भनेर मान्नु हुंदैन किनभने आत्मज्ञान जस्तो गहनतम र अत्यन्त उदार सिद्धान्त अनि मानव जीवनको चरमलक्ष्य यस ज्ञानलाई हाम्रो प्राच्य दर्शनले मात्र अभिव्यक्त गर्न सक्तछ। पाश्चात्य दर्शन सक्तैन। यसैले भारतीय दर्शन र यसको दार्शनिक पक्षलाई श्रद्धापूर्वक ग्रहण गर्नु अत्यन्त उचित हो।

यस सन्दर्भमा डा० महोदयको कृति "भारतीय दर्शन" ले भारतीय दर्शन र यसको वास्तविक दार्शनिक पक्षलाई पाठकको अगाडि राख्न सकेको छैन। अझ भनु भने यस ग्रन्थले भारतीय दर्शनको विचार धारालाई बंग्याउने चेष्टा गरेको छ। यसका दार्शनिक पक्ष संग अनभिज्ञ डा० राधाकृष्णन्ले प्राच्य दर्शनको निर्भीक र सत्य हाँकलाई प्रोज्वलित पार्नुको सट्टा निभाउने प्रचेष्टा गर्नु भएको देखिन्छ। यो चाहिं साँच्चिनै अत्यन्त दुःखको कुरो हो।

हुन त जानि बुझिकन राष्ट्रपति महोदयले आफ्नो दार्शनिक कृतिमा भारतीय महान दार्शनिकहरूको विचार-लाई काटनु भएन होला अपितु यसको सारभूत कुरालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हृदयंगम गर्न नसक्नु नै यसो हुनाको कारण हुनसक्छ । किन्तु अप्रविष्ट विषयलाई व्याख्या गर्न नखोज्नु उहाँको बढता बुद्धिमानी हुने थियो र यसबाट नै उहाँको विद्वत्ता चिरञ्जीवी हुने थियो । किन्तु उहाँले दार्शनिक हुने मोहलाई संवरण गर्न सक्नु भएन र अप्रविष्ट एव अननुभूत विषयतिर फालहाल्नु भयो। जसले उहाँको दार्शनिक पक्ष कस्तो छ, हृदय कस्तो छ भन्ने कुराको मूल्याङ्कन गर्न पाठकलाई सजिलो भयो। अस्तु ।

पाश्चात्य दर्शनको परिपाटीमा ढाल्न खोजिएको किम्वा पाश्चात्य दर्शनको अनुरूप लेखिएको यो भारतीय दर्शनले वस्तुतः भारतीय दर्शनको चरम लक्ष्यलाई हाँसोमा उडाई दिएको छ वा हास्यास्पद भनी साबित गर्न खोजिएको छ। यस खोजाइले ग्रन्थकार प्राच्य भन्दा पाश्चात्य विचारमा ज्यादा आकर्षित हुनु भएको कुरा स्पष्ट देखिन आउँछ ।

किनभने प्राच्य र पाश्चात्य दर्शनमा जगतको यथार्थता एवं प्राणिको वास्तविक स्वरूप अनि ज्ञानी र व्यवहार आदि गंभीर विषयहरूमा एक मत रहेको छैन। यहाँनिर आएर प्राच्य दर्शन भित्र पस्दछ भने पाश्चात्य दर्शन ढोकाको संघारसम्म पनि पुग्न सक्तैन । त्यसैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाश्चात्य दर्शन जहां अवसान हुन्छ वा जहां पुगेर पाश्चात्य दर्शन टुंगो लाग्दछ त्यहांबाट प्राच्य दर्शनले आफ्नो विचार प्रवाहलाई प्रवाहित गर्दछ। अथवा यसो भने हुन्छ कि पाश्चात्य दर्शनको अवसान स्थल प्राच्य दर्शनको क ख हो। यो कुरा ग्रन्थकारले बुझनु भएन वा बुझने कोशिश पनि गर्नु भएन। त्यसैले वरू पाश्चात्य दार्शनिकको चिन्ता-धारा नै ठीक होला भनेर त्यस अनुरूप भारतीय-दर्शनलाई व्याख्या गर्नु भयो।

प्राच्य पाश्चात्य सर्व विद्याकुशल डा० क्षितीश चन्द्र चक्रवर्ती एम० ए०, डी-फिल०, वि० एल० महोदयले भारतीय दर्शनको यथार्थतालाई सबैको हृदयमा उद्बोधन गर्नको लागि पाशुपत क्षेत्र नेपालमा अद्वैत सस्था नामक एक विचार प्रधान आध्यात्मिक प्रतिष्ठानको प्रतिष्ठापना गरि दिनु भयो जसबाट मोक्षाभिलाषी सज्जनहरू शांकर वेदान्त र वाशिष्ठ वेदान्तलाई साङ्गोपाङ्ग अध्ययन गरी बराबर लाभ उठाइरहेकाछन्।

यसका साथै यस आध्यात्मिक प्रतिष्ठानले विभिन्न तथाकथित विद्वानहरूबाट भारतीय दर्शन वा आध्यात्मिक चिन्ता-धारा किम्वा अद्वैतवादमा उपस्थापित भ्रान्त सिद्धान्तलाई शास्त्र, युक्ति र अनुभूतिपूर्वक हटाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रचेष्टा गरेर आएको छ । यसै सन्दर्भमा सम्मान्य भूतपूर्व भारतीय राष्ट्रपति डा० सर्वपल्ली राधाकृष्णनको भारतीय दर्शनमा अभिव्यक्त त्रुटि-पूर्ण-विचारलाई सु-विवेचित ढंगले खण्डन गरिएको छ । स्वयं राष्ट्रपति महोदय र उहाँको ग्रन्थको कु-प्रभावमा परी जसले भारतीय दर्शनको उच्चातिउच्च चिन्ताधारालाई हास्यास्पद ठानेका छन् , उनीहरूको चिन्तनलाई संशोधन वा सुधार गर्न सके म आफ्नो प्रयासलाई सफल ठान्नेछु ।

प्राक्कथनको अन्तमा म आफ्नो प्रातःस्मरणीय गुरुदेव ब्रह्मनिष्ठ डा० श्री क्षितीशचन्द्र चक्रवर्तीज्यूमा कोटीशः वन्दनापूर्वक कृतज्ञता ज्ञापन गर्दछु । जसको "भारतीय दर्शन" [बंगाली संस्करण] "आत्म साक्षात्कार" [अंग्रेजी संस्करण] र "ज्ञानालोक" [गौडपादीय कारिकाको नेपाली व्याख्या] शाङ्कर-वाशिष्ठ वेदान्त, सृष्टि-समीक्षा आदि ग्रन्थको श्रवण र अवलोकन एवं साक्षात उपदेश, आशीर्वादको फलस्वरूप यो लेख तयार हुन सकेको छ ।

— लेखक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प० ६३०५
वा०वि०पी०,
पु० सं० २।-

एक | भूतपूर्व राष्ट्रपति

डा० राधाकृष्णन्‌को धृष्टता

आफ्नो **'भारतीय दर्शन'** लाई राष्ट्रपति महोदयले पाण्डित्य-पूर्ण अध्ययन भनेर संकेत गर्नु भएको छ। अवश्य नै यो कृति पाण्डित्यको एक ज्वलन्त उदाहरण हो। पंक्ति पंक्तिमा पाण्डित्यको चमक देखिन्छ। यस उसले यो ग्रन्थलाई "पाण्डित्य प्रदर्शनको एक जीउंदो आकृति हो" भनेमा केही अत्युक्ति हुने छैन।

यसरी पाण्डित्य मात्रलाई अंगाली प्रस्तुत ग्रन्थ लेखिएको हुनाले अथवा अनुभव पूर्ण अध्ययन हुन नसकेको हुनाले डा० महोदय **'भारतीय दर्शन'** उति गहकीलो हुन सकेको छैन। यति मात्र होइन अनुभवी दार्शनिकहरूको दृष्टिमा यो ग्रन्थ हास्यास्पद हुन गएको छ।

किनभने दर्शनको मुकुटमणि हो वेदान्त। वेदान्त दर्शन यसरी गहन हुनाको कारण हो यसको विषयको अत्यन्त सूक्ष्मता। आचार्य शंकर स्पष्ट भन्नु हुन्छ :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अत्यन्तसूक्ष्मं परमात्मतत्वं
न स्थूल दृष्ट्या प्रतिपत्तुमर्हति ।।

पाण्डित्यपूर्ण दृष्टिको आर्को नाम स्थूल दृष्टि हो । वेदान्तले देखाएको परमात्मतत्व बुद्धिको गोचर होइन । यो त मात्र अनुभव गम्य वस्तु हो । अनुभव गर्नकालागि सर्व प्रथम पाण्डित्यमान्यतालाई तिलाञ्जलि दिनु पर्दछ तत्र 'भारतीय दर्शन' को लक्ष्य "आत्म प्रदर्शन" नाम मात्रको भएर निरर्थक हुन जान्छ । यसैले शंकरले बुद्धिवादलाई तिरस्कार गर्दै भन्नु भयो :—

लब्धा विद्या राजमान्या ततः किम् ?
येन स्वात्मा नैव साक्षात्कृतोऽभूत ।।

किनकि बुद्धिको प्रखरता पद पदार्थको विश्लेषण गर्न सहायक मात्र हो । आत्माको विश्लेषण बुद्धिको भरमा परेर गर्न सकिदैन । अनुभव नभए सम्म त्यस वस्तुको सम्यक् विश्लेषण हुन सक्तैन । अनुभव विनाको विश्लेषण अड्कलको कुरा हुनजान्छ । डा० महोदय द्वारा लिखित यो ग्रन्थ अनुभव पूर्ण अध्ययन हुन नसकेको हुनाले उपयोगी देखिन आएको छैन । कोठा सजाउन किम्वा वाचनालय भव्य बनाउन उपयोगी हुनु आर्को कुरा हो । याहाँ त भारतीय दर्शनलाई अध्ययन गरी भारतीय दर्शनको अन्तिम उत्कर्ष आत्म तत्वको साक्षात्कार गरी अनन्त सुख र स्थायी आनन्दलाई प्राप्त गर्नु परेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अद्वैत वादमा पुगेर नै सबै दर्शनहरू विश्राम लाभ गर्ने हुनाले पाठकलाई सरासर शांकर सिद्धान्तमा नै पुऱ्याउंदछु ।

डा० महोदयले " गौडपाद र बौद्ध धर्म " बारे केही लेख्ने र गौडपादाचार्यलाई टिप्पणी गर्ने प्रयास, साहश किम्वा दुष्प्रयास (दुःशाहस) गर्दै उहांको सिद्धान्तलाई बेठीक सिद्ध गर्नु भएको छ । जुन हामिलाई मान्य छैन । गौडपादीय चिन्तनलाई युक्ति संगत होईन भनेर क़लम चलाउनु उहाँको धृष्टता मात्र हो । वेदान्त सर्वमान्य सिद्धान्त त हुँदै हो, उसमा पनि गौडपादीय सिद्धान्त त वेदान्तको उत्तमोत्तम चिन्तन हो । दृष्टि–मान्द्य वा विचारा-दक्षपुरुष अथवा अतिमन्द अधिकारी यस उदार सिद्धान्तलाई बुझ्न सक्दैनन् । यसरी बुझ्न नसक्नाले गर्दा सिद्धान्तलाई नै दोषयुक्त भनेर ठान्दछन् । जस्तो यहां पण्डित राधाकृष्णनज्यूले ठान्नु भयो । यो केही ठूलो कुरो होइन किनकि पित्त दोष श्वेत शंखको बाधक हुन जान्छ । (डा० के. सि. चक्रवर्ती कृत "वेदान्त विज्ञान" पृष्ठ २४ को चतुर्थ परिच्छेद हेर्नु होस्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुइ

भारतीय दर्शनमा दुरुक्ति

अब हामी भारतीय दर्शनको निम्न उक्ति बारे विवेचना गर्न पट्टि लागौं ।

आफ्नो भारतीय दर्शनको पाण्डित्यपूर्ण अध्ययनमा विश्वप्रसिद्ध दार्शनिक, भारतका भूतपूर्व राष्ट्रपति सम्मान्य डा० राधा-कृष्णन् लेख्नु हुन्छ :-

"गौडपादके ग्रन्थ में जो सामान्य विचार हमें आदि से अन्त तक मिलता है ... ...

यदि हमें जीवनके क्रीडा क्षेत्रमें खेलना है तो हम अपने अन्दर इस प्रकार की धारणा रखकर कि यह सब केवल दिखाव मात्र है इसके अन्दर जितने भी पुरस्कार वे सब शून्य हैं, कभी खेल में भाग नहीं ले सकते । कोई भी दर्शन इस प्रकार मतको युक्ति संगत मानते हुए शान्ति नहीं प्राप्त करा सकता । इस प्रकारकी प्रकल्पना में सबसे बडा दोष यह है कि हम ऐसे प्रमेय पदार्थों मे लगे रहने के लिए बाध्य होते

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हैं। यह संसाररूपी तथ्य रहस्यमय तथा अनिर्वचनीय हो सकता है। यह केवल यह दर्शाता है कि एक अन्य सत्ता ऐसी अवश्य है जो इस संसारके अन्दर निहित है। और इसके भी उपर है। किन्तु तो भी इस प्रकारका संकेत नहीं करता कि संसार एक स्वप्न है। अर्वाचीन बौद्ध धर्म से ही गौड पाद की इस प्रकल्पना में ऐसी अतिशयोक्ति का समावेश हुआ" आदि।

उपरोक्त उक्तिहरूले विश्व प्रसिद्ध दार्शनिक महोदयको विचार कति मन्द रहेछ भन्ने कुरा सुस्पष्ट देखिन्छ। उहाँको भनाई कि संसारलाई मिथ्या भनी मानेर हामी यहाँको खेलमा भाग लिन सक्दैनौं अत्यन्त नासमझको स्पष्ट चिन्ह हो।

जाहांसम्म शान्ति प्राप्त गर्ने प्रसंग छ– सो कसरी प्राप्त गर्न सकिन्छ, यसबारे भारतीय दर्शनकारले कहीं पनि स्पष्ट गर्नु भएन। गौडपादको मतबाट शान्ति प्राप्त गर्न सकिंदैन त कुन मतबाट सकिन्छ सो पनि बताइएन।

मानिसलाई थाहा नै छैन कि शान्ति प्राप्तगरिने वस्तु होइन। मुनि अष्टावक्र त अझ यहांसम्म भन्नु हुन्छ राजा जनकलाई कि हे जनक! शान्ति प्राप्त गर्न प्रयत्न गर्नु नै बन्धन हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किनभने आफू एकजना बनेर जवसम्मे शान्तिलाई पाउन खोज्दछ तव सम्म शान्ति त परै रहोस् शान्तिको झलक सम्म पनि पाउन सक्तैन । जीवनको क्रीडा क्षेत्रमा खेल्ने हामी को हौं ? के त्यो साँचो मानिस हो ? अवश्य होइन । त्यो प्रमाता हो, छायाँ पुरुष हो । किनभने यो क्रीडा क्षेत्रमा खेल्ने वाला पुरुष आगमापायी हो, त्यसको व्यतिरेक भैरहन्छ- जस्तो जाग्रतको क्रीडा क्षेत्रमा खेल्ने हामी स्वप्नको क्रीडा क्षेत्रमा रहंदैनौं र स्वप्नमा खेल्ने हामी जाग्रतमा रहंदैनौं । खेल्नेवाला रहन्न मात्र होइन क्रीडा क्षेत्र पनि रहंदैन, त्यसैले यसलाई "दिखावमात्र" (प्रतीति) भनिएको हो । प्रतीति मात्र भएकोले आँसु र हाँसो (सबै पुरस्कार) सब मात्र शून्य हो ।

जव यस प्रकारको निश्चय गरी मानिस क्रीडाक्षेत्र र यसको तथाकथित अनुपम पुरस्कारहरूलाई शून्य भनेर परित्याग गर्दछ र अनि त्यसपछि यस मिथ्र खेल्ने आफू (अहंकार) लाई पनि छाडिदिन्छ (किनकि कोही पनि बुद्धिमान मिथ्या पदार्थलाई सत्य भनी ग्रहण गर्दैन वरू त्यसलाई दिलैदेखि उपेक्षा गरी रहन्छ) तब नै उसले शान्ति प्राप्त गर्न सक्तछ माने ऊ आफू शान्ति स्वरूप वनिहाल्दछ । भगवान वृहस्पति कचलाई भन्नुहुन्छ " येन त्यजसि तत् त्यज: " सर्व त्याग गरें भन्ने जो अहंकार (नक्कलि आफू) हो त्यसलाई पनि छाड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाने त्यसलाई आफू हैन भनी जान । उसो भए आफू को हो ? सारा शून्य हो भनेर त्याग भएपछि त्यसको अवधिरूपले बाँकी रहेको जो वस्तु हो त्यही हो मानिसको वास्तविक स्वरूप, शान्तिको डल्लो । वाशिष्ठ रामायणमा यही कुरो राजा शिखि-ध्वजको कथाल्याई भगवान रामलाई बुझाइएको छ ।

यसरी पो शान्ति लाभ गर्न सकिन्छ (शान्ति स्वरूप आफ्नो परिचय प्राप्त हुन्छ) । जीव र जगतलाई दीर्घायु किम्वा चिरञ्जीवी बनाएर शान्ति प्राप्त गर्न सकिन्छ भन्ने कुरा भारतीय दर्शनिक विद्वानले कहाँबाट सापट लिएर लेख्नु भयो आश्चर्य नै लाग्दछ ।

यतिमात्र होइन, जगत र यसका पुरस्कार अनि तिनमा रस मानी खेल्ने जो छ यी सबै दिनमा शहस्त्र पटक हराई रहन्छन् । समाधिमा, सुषुप्तिमा, मूर्च्छा कालमा, दुई वृत्तिको सन्धिकालमा ती सबै हराउने कुरो प्रसिद्ध नै छ । त्यस बाहेक क्रीडा क्षेत्रमा खेलिंदा जब आंसु र हांसोरूप पुरस्कार प्राप्त हुन्छ त्यत्ति नै खेर पनि त्यो पुरस्कार, क्रीडा-क्षेत्र र ती दुवैलाई लाभ गर्नेवाला हामी हराइहाल्नेका हुन्छौं । त्यसको क्रम म दर्शनकारलाई देखाउँछु-

[विषयमा आनन्द छ भनी संसारमा कोही पनि सिद्ध गर्न सक्तैन- भारतीय दर्शनको मुकुटमणि वेदान्त यस कुरामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चुनौति दिन्छ । यस विपरीत ईप्सित वस्तुको प्राप्तिमा मानिस आनन्दको अनुभव गर्दछ । यसरी वेदान्तको चुनौति हास्यास्पद त भएन ? डा० राधाकृष्णन्‌ले यही विशेष बुझ्न नसक्नु भएकोले अद्वैत वेदान्तलाई हांसोमा उडाउन खोज्नु भएको हो । याहां विचारणीय के भने आफूले बुझ्न नसकेका सूक्ष्म कुराहरूलाई बुझ्न पो परिश्रम गर्नु उचित हो, बुझ्न सकिएन भनेर त्यसलाई युक्ति संगत नै होइन भनी घोषणा गर्नु अवश्य धृष्टता हो— आफूले बुझ्न सकिएन त बुझ्ने मानिस दुनियांमा होलान् अवश्य, त्यस ठाउँमा गई यस कुरालाई मैले बुझ्न सकिन भन्नु पो बुद्धिमानी हो । अस्तु,]

अब हामी ब्रह्मको व्यापकता र प्रमाताको व्यतिरेकतातिर केही छिन सोचौं:—

(१) आफ्नो ईप्सित वस्तुलाई लिन अन्तःकरण वृत्ति आँखाको ढोकाबाट बाहिर निस्कन्छ । (२) यो वस्तु यस्तो हो भनी नजान्नुरूप आवरणलाई वृत्तिले हटाउँदछ (३) विषय जनित आवरण भंग भएपछि वृत्तिले त्यसलाई बोकी पुनः आँखा रूपी ढोकाबाट भित्र पस्दछ । [अब जगत बाहिर रहन्न, जगत् भित्र बस्दछ । त्यसैले मानिस आँखा चिम्म गरेर पनि आफूले एक पटक उक्त क्रमले भिज्याएको जगतलाई भित्रै देख्दछ ।

अन्तःकरण गुणको तारतम्यले तीन हिस्सामा बांडिएको हुन्छ, अनि तीनै हिस्सामा साक्षी आत्माको (आफ्नो) छायां

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परेको हुन्छ। सात्विक हिस्सामा परेको छायालाई प्रमाता, राजसिक हिस्सामा परेकोलाई प्रमाण र तामसिक हिस्सामा परेको छायॉलाई प्रमेय भन्दछ अविद्याको दुइ शक्ति मध्ये सत्व प्रधान ज्ञान–शक्ति युक्त र रजो प्रधान क्रिया–शक्तियुक्त हुन्छ [सत्वात्सञ्जायते ज्ञानम्, रजसः क्रियात्मिका]। ३) अब प्रमाता, प्रमेय जगतलाई प्रमाण वृत्तिको माध्यमद्वारा हेरिरहन्छ। "विषय छ" (वषयको सत् अंश) को प्रत्यक्ष भयो याहां आएर।

(४) अब विषय (प्रमेय), विषयलाई हेरिरहने प्रमाता र हेरिरहनु भन्ने क्रिया (प्रमाण यी तीनै (त्रिपुटी) आफ्नो विम्बभूत साक्षीमा गएर होमिन्छ– किनकि यिनको पृथक सत्ता छैन र साक्षी देखी भिन्न भएर रहन पनि सक्तैन।

(५) यहांनिर आएर "यो विषय यस्तो हो" भनेर विषयको ज्ञान हुन गयो (विषयगत चित् अंशको प्रत्यक्ष)।

(६) साक्षी जसमा भारतीय दर्शनकारको मूल्यवान क्रीडा-क्षेत्र र यिनका पुरस्कार क्रोडीकृत भएका छन्, आनन्दघन ब्रह्मसंग एकीभूत हुन्छ– साक्षी साक्षी रहंदैन– किनकि साक्ष्यको अपेक्षाले साक्षी बनेको मात्र हो, वस्तुतः ऊ ब्रह्म नै हो।

(७) यहां आएर बल्ल आनन्द हुन्छ (विषय गत आनन्द अंशको प्रत्यक्ष)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी आनन्द हो ब्रह्मको । किन्तु मूर्ख मानिस विषयको हो भनेर विषयलाई मूल्यवान् संझन्छन् ।

दही–चिउरा खांदा आएको गुलियो चीनीको हो । किन्तु मूर्ख चिउरा कति गुलियो भनी ठान्दछ । सुकेको हाड् चपाउंदा आएको रगत कुकुरको आफ्नै गिजाको हो किन्तु त्यो पामर कुकुर हाड कति मीठो भनेर चूसी नै रहन्छ । यति नै हो जगतलाई साँचो र आनन्ददायी भनेर ठान्नु ।

माथि प्रदर्शित क्रम हेरे थाहा हुन आउँछ दर्शनकारको जगत अन्ततः कहाँ पुग्यो ? यसैले यिनलाई छंदैनभएको भनेर अद्वैत वेदान्त भन्दछ ।

अब दर्शनकारको साँचो जगत खै त ? इतस्ततः एक ब्रह्म मात्र सिद्ध भयो । "वासुदेव सर्वमिति" अथवा "सकलमिदमहंच वासुदेवः" नै सिद्ध भयो किम्वा " नेहनानास्ति किञ्चन " नै प्रमाणित भयो ।

मलाई विश्वास छ, सम्मान्य डा० राधाकृष्णन् बुझ्नु हुनेछ कि जगत (अनात्म प्रपञ्च) नभएको हो, यसमा खेल्ने प्रमाता नभएको हो र त्यसबाट पाईने पुरस्कार पनि नितान्त मिथ्या वा शून्य हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लौ, अझ पनि हामी भनौं जगत मिथ्या पाइने पुरस्कार साँचो हो– तब म सोध्दछु ती पुरस्कारले आएर म साँचो वस्तु भन्दछ कि यो वस्तु सांचो हो भनेर तपाईं भन्नु हुन्छ ? कहीं पनि विषयले आएर म साँचो हूँ भन्दैन । मानिस नै त्यसो भन्दछ । अब, उसोभए विषयलाई सांचो हो भन्नेवाला साँचो होला कि विषय सांचो होला त ? बलात् मान्नै पर्छ आफू नै साँचो हो । त खै विषय अशून्य हुन सकेको ? यसै क्रमले अगाडि बढें वास्तविक आफू एकमात्र साँचो वस्तु सिद्ध हुन्छ– अरू केही पनि सिद्ध हुन सक्तैनन् । किनकि आफूले सत्ता दिए मात्र अन्य वस्तु सत्तावान हुन्छन् ती त सत्ता रहित वस्तु हुन् । त्यस्तालाई शून्य हुन् भन्ने धारणा राख्नु किन वेश भएन ? शून्य जगतलाई सांचो भन्ने धारणा बोकेर मानिस बाँच्न सक्छ भने शून्य जगतलाई शून्य भन्ने धारणा बोकेर बांच्न नसक्नुमा हेतु के ?

वेदान्तका सामान्य विद्यार्थीले यसो भनेको भए त्यो क्षम्य हुन सक्थ्यो किन्तु विश्वप्रसिद्ध दार्शनिकको उपाधिले विभूषित पुरुषले यसो भन्नु क्षम्य होइन । म जहाँ लग सोध्दछु सपना देखिरहंदा पूर्णयवश "यो सपना हो" भन्ने थाहा भए पछि के स्वप्न द्रष्टा स्वप्न संसारमा भाग लिइरहेको हुँदैन ? 'यो स्वप्न हो' भनी जान्यो भन्दैमा स्वप्न टुटी हाल्दैन । त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चली रहन्छ । किन्तु स्वप्न भनेर जानेको हुनाले स्वप्न जनित भयले उ व्यथित हुंदैन । यस्तो घटना धेरै पटक हुन सक्छ । म एक पटक यस्तै घटनाबाट गुज्रेको छु:-

एउटा खोलाको किनारमा हिंडी रहंदा अचानक खुट्टाको औंला निर एउटा डरलाग्दो सर्पले डसिदियो । अब मछुं भन्ने भयले रून थालें र खोलाको पानीले डसेको घाउ धुन थालें । घर फर्कन सक्तिन भन्ने ठूलो व्यथा थियो, आंखा-बाट आँसुका अविरल धारा बही रहेका थिए, हात घाऊ धुनमा व्यस्त थियो यस्तैमा मलाई याद भयो - यो त सपना पो हो, म त यही ओछ्यानमा सुती रहेको छु । उती नै खेर मेरो सम्पूर्ण डर हराएर गयो तथापि हात घाउमा पानी राख्न व्यस्त थियो । धेरै बेर पछि सपना टुट्यो ।

सपना एक दिखाव मात्र हो र यस भित्रका सर्प, सर्पको डसाई, खोला, घाऊ, घाऊको धुवाई, मृत्यु-भय आदि सारा घटना-चक्र (पुरस्कार) शून्य हुन् भन्ने जानेर खेलमा भाग लिन अवश्य सकियो । कुरा के भने ती खेलले संतप्त गर्न सक्तैनन् । आफ्नो यथार्थ स्वरूपको बोध भए पछि नै शान्ति-लाभ गर्न सकिन्छ । शान्तिलाभ गर्ने प्रक्रियामा संसारको अन्यान्य दर्शनको वेदान्त दर्शन संग मेल खाँदैन र मेल खानु पर्ने खण्ड पनि केही परेको छैन । अन्यान्य दर्शनको मत संग वेदान्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दर्शनको मत–समता भए वेदान्त दर्शनलाई दर्शन केसरी भनिने थिएन । अरू दर्शनमा जे छ त्यो वेदान्त दर्शनमा पाइन्छ किन्तु वेदान्त दर्शनमा भएको कुरा अन्यान्य दर्शनमा पाईदैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तीन

गौडपादीय अजातवाद

उहांको अनुसार जगत "दिखाव मात्र" होइन भने यो के हो ? भगवान आद्य शंकराचार्यले सृष्टिदृष्टिवादलाई अपनाएर जगतलाई व्यावहारिक सत्य (क्षणिक सत्य) भनेर विवेचना गर्नु भएको छ। यो दृष्टिकोण तल्लो कक्षाका अधिकारीको निम्ति हो । ज्ञाता–ज्ञेय सम्बन्ध निर्मूल गरी जीवात्मा र जगदात्माको एकता साक्षात्कार गराई साधकलाई सारा चिन्तन रहित पारी ब्रह्मानन्दमा निमग्न राख्नु महान शंकराचार्यको लक्ष्य हो(१) । यस पद्धिको सांसारिक खेलमा भाग लिनुलाई वाधितानुवृत्तिको संज्ञा दिइएको छ । यसलाई मनको सरुप मनोनाश पनि भनिएको छ ।

---

(१) "सुखको बाटो" ग्रन्थको परिशिष्ट 'मायावाद' शिर्षक हेर्नु होला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

डा० महोदयलाई जस्तै भगवान रामलाई पनि यस्तै शंका भएको थियो । त्यसैले भगवान वशिष्ठ भन्नु हुन्छ— "ब्रह्म वेत्ता पुरुष यदि आफ्नो सुखानुभवमा नै केवल मग्नरहे [उपदेशादि खेलमा भाग नलिए] संसार दुःखबाट पीडित पुरूष दुःख निवृत्तिको लागि कसको शरणमा जाने ? अज्ञानी पीडित नै छ, ज्ञानी जसलाई दुःखबाट मुक्त हुने बाटो थाहाछ उनले डा० महोदयको भनाई अनुसार खेलमा भाग लिनु अनुपयुक्त भै हाल्यो ।

गौडपादाचार्यको दार्शनिक चिन्ताधारालाई अजातवादको संज्ञा दिइएको छ। उहांको कारिका यही अजातवादी दृष्टि-कोणलाई अबलम्वन गरेर लेखिएको छ। वेदान्तको सर्वोच्च सिद्धान्त यही हो। यस सिद्धान्तानुसार जगत अजात हो। जहाँ शंकर जगतलाई ईश्वरीय सृष्टि भनेर मान्नु हुन्छ त्यहां भगवान वशिष्ठ जगतलाई चित्तको विजृम्भण भनी मान्नु हुन्छ। वशिष्ठको यो चिन्तनलाई दृष्टिसृष्टिवाद भनिन्छ । यहां दृष्टि शब्दले अविद्या वृत्तिलाई बुझाइन्छ। ★

जगतको मिथ्यात्वलाई धेरै प्रकारका युक्तिहरूबाट भगवान गौडपादले आफ्नो कारिकासा सिद्धगरेर देखाउनु भएको छ। जगत अजात हो र भएको एकमात्र वस्तु हो परमार्थ सत्य

★ डा० के. सि. चक्रवर्तीज्यूको Vision of Reality द्रष्टव्य ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अद्वैत ब्रह्म वस्तु । कारिकामा बताइएको छ कि ॐ यो अक्षर नै सबकूछ हो ।

ॐ को चार पादको व्याख्या गर्दै यहाँ भनिएको छ– ॐकार द्वारा अभिहित आत्मस्वरुपका चार अंशछन् । विश्व, तैजस, प्राज्ञ र तुरीय । आत्म स्वरुपको उक्त चार अंश भैं वाचक ॐकारको पनि अ, उ, म र अर्धमात्रा गरी चार पाउ छन् । विश्व, तैजस, प्राज्ञ र तुरीयको क्रमशः अकार, उकार, मकार र अर्धमात्रा संग तादात्म्य छ । भनाइको तात्पर्य के भने विश्व (जाग्रत) तैजस (स्वप्न) रूप हो, तैजस प्राज्ञ (सुषुप्ति) रूप हो र सुषुप्ति, तुरीय (साक्षी आत्मा) रूप हो । यसरी एकमात्र ब्रह्म सत्ता नै जाज्वल्यमान छ । जगत छंदै छैन ।

यद्यपि जगतलाई स्वप्न रूप हो भन्दा (अकारलाई उकार रूप भनिदा अथवा विश्व तैजसरूप हो भन्दा) विश्व प्रसिद्ध दार्शनिक – पण्डित महोदयले गौडपादमा अतिशयोक्तिको समावेश भएको मान्नु भयो किन्तु यथार्थ सत्य कुरा यही हो । कारिकामा कुनै अप्रामाणिक विलाश वा स्व–कपोल कल्पित कुराहरूलाई स्थान दिइएको छैन । हेर्दा न, जाग्रत स्वप्नवत् हो– यो कसरी हुन सक्ला ? यही न हो डा० महोदयको शंका ?

एउटा डुंगा र एक ढिका नूनलाई हामीले पानीमा राखेर हेर्दा, एक छिनपछि नूनको ढीका पाईंदैन, डुंगा मात्र रहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ। यसो हुनामा कारण के होला भनी खोज गरे थाहा पाइन्छ नुन पानी रूप हो त्यसैले पानीमा विलायो, तर ढुंगा रूप नहुनाले पग्लन सकेन । ठिक यसै गरी स्वप्नमा जाँदा जाग्रत देखिंदैन, किन्तु जाग्रतमा आउँदा स्वप्नको स्मरण हुन्छ। यसबाट बुझिन्छ जाग्रत स्वप्नरूप हो (अकार उकार रूप हो)। नत्र जाग्रत स्वप्नमा नविलाउनु पर्ने।

फेरि जाग्रत, स्वप्न भन्दा कुन मानेमा साँचो छ ? यदि प्रत्यक्ष देखिनु सत्यताको परिचय हो भने स्वप्न संसार पनि त स्वप्नमा यस्तै गरी प्रत्यक्षतया देखिन्छ ।

फेरि जसरी स्वप्नको आदि र अन्त छ उसै गरी जाग्रतको पनि आदि र अन्त छ। कारिकामा आचार्य गौडपाद भन्नु हुन्छ "आदि र अन्तमा नभएको वस्तु वर्तमानमा पनि रहंदैन।" देखिन्छ, त्यसैले भएको वस्तु हो भनिन्छ भने स्वप्नलाई किन साँचो नमान्ने ? स्वप्न पनि त देखिन्छ।

लौ होस्, जाग्रत जगत् मिथ्या रूप होस्, मिथ्या होस् तर मिथ्या जगतमा ज्ञानी किन भाग लिन्छ ?

जगतलाई अजात भनी जसले बुझ्नु भएको छ अर्थात् जगत् हो अद्वैतरूप नै भनी जसले जान्नु भएको छ उहाँ सम्यक दर्शी विद्वान हुनुहुन्छ । ब्रह्मनिष्ठ डा० चक्रवर्ती भन्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ— "उहाँको जीवन धारण [शरीरको अनुवृत्ति] प्रारब्ध कर्म वशात् हुँदै रहन्छ । प्रेरणा विना पनि जसरी कुम्हालेको चक्र केही समय सम्म घुमी नै रहन्छ त्यसै गरी संस्कार वलले ज्ञानवान पुरुषको कर्ममा अनुवृत्ति संभव हुन्छ । यसैलाई जीवन्मुक्ति भनिएको छ । कर्मको संस्कारको क्षय भए पछि जव शरीर नष्ट हुन्छ तव सम्पूर्ण प्रपञ्चको पनि अवसान हुन्छ । सञ्चित एवं आगामी कर्म ज्ञानद्वारा नष्ट हुन्छ । प्रारब्ध कर्म भोगद्वारा क्षय भए पछि अन्य शरीरको अनुत्पत्ति रूप विदेहमुक्ति सिद्ध हुन जान्छ ।

प्रश्न– शरीर जवसम्म रहन्छ तवसम्म विषय भोग र भोक्ता भावको निवृत्ति संभव हुँदैन । विषय भोग मिथ्या ज्ञानबाट उत्पन्न हुन्छ । यसकारण सम्यक ज्ञानबाट भोग निवृत्ति भएपछि ज्ञानवान पुरुषमा भोग सर्वथा असंभव हुनु पर्ने ?

उत्तर– त्यसो होइन । ज्ञान द्वारा मिथ्या ज्ञान वाधित भएर गए पछि त्यसको अनुवृत्ति दुइ चन्द्रको दर्शन झैं देखिनामा आउँछ । भोग यदि मानिंदैन भने ज्ञानीहरूको सदेहता सिद्ध हुदैन । किन्तु तटस्थ दृष्टिबाट जसलाई भोग भनिएको छ वास्तवमा त्यसमा भोक्ताभाव छैन । किनकि सुख दुःखको भोग साभाष देहादि संघात कै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । एवं संघातरूप दृश्य प्रपञ्च कहिले पनि शुद्ध द्रष्टा पुरुषलाई स्पर्श गर्न सक्तैन । यसकारण शरीरादि द्वारा भोग गरिए पनि ज्ञानी पुरुष सधैं नै निर्लिप्त रहन्छन् " ।

[ब्रह्मनिष्ठ डा० चक्रवर्ती कृत वेदान्त विज्ञान द्रष्टव्य]

शंकर भगवानको उक्तिको उल्लेख गर्दै डा० चक्रवर्ती पुनः लेख्नु हुन्छ— अज्ञानीको दृष्टिमा प्रारब्ध कर्म द्वारा उत्पन्न वासनावाट परिचालित भएर जीवन्मुक्त पुरुष पान भोजन आदि साधारण संसाराशक्त मानिस झैं आचरण गर्दछन् । किन्तु कुम्हालको चक्र निरन्तर घुमीरहंदा पनि उसको मूलमा रहेको काठ जस्तो स्थिर नै रन्हछ उसैगरी ज्ञानी पुरुष पनि अचञ्चल भएर शरीरमा द्रष्टा भएर—मनमा कुनैप्रकारको दृश्य सम्बन्धि संकल्पलाई नउठाएर अवस्थान गर्दछन् । किन्तु अरू व्यक्तिको दृष्टिमा उनी विषय सम्बन्धयुक्त एवं क्रियाशील झैं देखिन्छन् ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



चार

अज्ञात आत्मा

यो समस्त विश्व प्रपञ्च आत्मा नै हो । यसैले यो सारा जगत प्रपञ्चको प्रकाशक (सत्तास्फूर्तिप्रद) नित्य, शुद्ध, बुद्ध, मुक्त स्वभाव प्रत्येक चैतन्य आत्मा नै सद्वस्तु–सकल दृश्य प्रपञ्चको वास्तव स्वरूप हो । यही हो वेदान्त बेत्ताको अनुभव । " [वेदान्त विज्ञान]

यसरी स्पष्टतया देखिन्छ कि आत्मज्ञानीको आफ्नो दृष्टमा बन्धन–मोक्ष, जीव–जगत सबै अयथार्थ हुन् किम्वा सम्पूर्ण अनात्म प्रपञ्च आफू (अद्वैत ब्रह्म वस्तु) देखि अभिन्न हुन् । किन भने यिनको आफ्नो अलग सत्ता छैन । नभए दृश्य प्रपञ्च सिद्ध हुन सक्तैन । यदि बन्धन, मोक्ष, जीव, जगत यथार्थ हो भने यिनको छुट्टै सत्ता रहनु पर्छ । बन्धनले "म बन्धन आए" भन्दैन किन्तु मैले सिद्ध गर्दछु कि बन्धन आएको छ वा गएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै पनि दार्शनिक जोड–जगत, बन्धन–मोक्षलाई यथार्थ भनी प्रमाणित गर्न कुनै पनि हालतमा सक्तैन । बन्धनको अपेक्षाले मोक्ष भनिएको मात्र हो । किन्तु मोक्ष पनि यथार्थ होइन । तदपि मोक्षलाई श्रेष्ठ भनी मान्नु पर्छ । परमार्थ सत्य त आफू [निर्वासनिक आत्मा] मात्र हो । जो कल्याण प्राप्तिको लागि प्रयत्न गरी रहेछ त्यो पनि अयथार्थ पुरुष नै हो त्यसलाई अद्वैत संस्थाका संस्थापक प्राच्य पाश्चात्य सर्व विद्या कुशल सुप्रसिद्ध शिक्षाविद् श्रोत्रिय ब्रह्मनिष्ठ डा० चक्रवर्तीले **अज्ञात आत्मा** भन्ने संज्ञा दिनु भएको छ । यो अयथार्थ जगतमा सर्वश्रेष्ठ कल्याण [निः श्रेयस] प्राप्तिको लागि [अयथार्थ बन्धनबाट छुट्कारा पाउनको निम्ति] प्रयत्न गरिरहेछ । यसमा डा० महोदयलाई के आपत्ति पऱ्यो ? हो त, अयथार्थ वस्तु पनि यथार्थ वस्तु प्राप्तिमा सहायक बन्दछ । त्यसैले अयथार्थ शास्त्र, गुरु, उपदेश पनि उपकारक सिद्ध हुन आयो । जस्तो एक जना मानिस सपनामा भयंकर आपत्तमा पऱ्यो, उ घनघोर जंगल भित्र चोर, डाँकूले लखेटियो । यस्तैमा भाग्दा एउटा भयंकर बाघले त्यसलाई झम्टन आईलाग्यो । बाघको डरले त्यो स्वप्नबाट जाग्यो । यस उदाहरणमा हामी विचार गरौं– स्वप्न–द्रष्टा पुरुष, स्वप्न संसार, डर, डरले भाग्नु, बाघ, बाघले झम्टनु र उठ्नु यी सबै अयथार्थ कुरा हुन् । बाघ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि नितान्त अयथार्थ हो । किन्तु स्वप्न जनित भयवाट उम्कन अयथार्थ वाघ कति उपकारी बन्यो ? यो विचारणीय कुरो हो ।

फेरि यस अयथार्थ किम्वा परिवर्तनशील विश्वमा एक यथार्थ सत्ता आपनू स्वरूपलाई नष्ट नगरीकन आफूलाई अभिव्यक्त गर्दछ भन्ने कुरो पण्डित समुदायलाई रहस्यमय प्रतीत भएतापनि अनुभवी सज्जनहरूको अकुण्ठित दृष्टिमा सर्वथा युक्ति संगत र अनुभव सिद्ध ठहर्न आउँदछ । कारिकाकारले श्रुति सम्मत सिद्धान्तलाई नै स्थान दिनु भएको छ, बौद्ध आदिले भैं श्रुति असम्मत कुरालाई स्थान दिनु भएको छैन ।

कैवल्य उपनिषद्मा लेखिएको छ "जाग्रदादि तीन अवस्थारूप पुरमा खेल्ने जीवबाट यो विचित्र जगत उत्पन्न भएको छ । त्यही आधार, आनन्द, अखण्ड बोध हो जसमा यी तीनपुर लय हुन्छन् ।"

(सुखकोवाटो हेर्नु होला)

यो मृगमरिचिकारूप जगतमा (पुरत्रयमा) एकनाम संग अविक्रिय रुपले रहि रहने सदात्मा नभए, यस सदात्माको सत्ता र स्फूर्ति नपाए विविध जगतको सिद्धि नै नहुने थियो । जाग्रदाभिमानि विश्व-जीव जाग्रतमा सञ्चरण गर्दछ । जाग्रत र तदभिमानी विश्व दुवै मिथ्या या अयथार्थ हुन्, किनकि यी व्यतिरेक भई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहन्छन् । स्वप्नाभिमानी तैजस-जीव स्वप्नमा सञ्चरण गरि रहन्छ । यी दुई पनि अयथार्थ हुन् किनकि यिनको पनि व्यतिरेक छ । त्यस्तै सुषुप्तिको अभिमानी प्राज्ञ नामक जीव सुषुप्तिमा सञ्चरण गरिरहन्छ । यी दुई पनि अयथार्थ हुन् किनकि यिनको पनि व्यतिरेक छ । किन्तु मानिसलाई जाग्रत, स्वप्न र सुषुप्तिमा देखिएका नानाविध घटना–क्रमको द्रष्टा उ आफै हो भन्ने अनुभव छ, यद्यपि उसले तथाकथित पण्डितको भरमा परेर अवस्थाभिमानी जीवलाई आफू ठान्दछ किन्तु त्यस्तो होइन । किनकि सुषुप्ति सकिनासाथ प्राज्ञ जीव, स्वप्न सकिनासाथ तैजस जीव र जाग्रत सकिनासाथ विश्व जीवको पनि परिसमाप्ति भै हाल्दछ । उसोभए तद् तद् अवस्थाको प्रत्यभिज्ञा कसरी हुन्छ ? यी तीन पुरहरूमा आफ्नो स्वरूपलाई नष्ट नगरी रहिरहेको सदात्मा जसलाई अज्ञात आत्मा भनिन्छ त्यसलाई सै सारा बोध रहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पांच

अद्वैत संस्था, नेपाल

वि० सं० २०२३ साल आषाडमा स्थापना भएको नेपालको एकमात्र विचार प्रधान आध्यात्मिक प्रतिष्ठान, अद्वैत दर्शनको अभ्रान्त रूपले प्रतिपादन गर्ने अद्वैत संस्थाको विधानको अन्तिम आवरण पृष्ठमा ब्रह्मनिष्ठ ड.० चक्रवर्तिले उल्लेख गर्नु भएको छ:—

"बाहिर दृष्टि दिदा हामी गतिशील जगत देख्छौं र आफ्नै भित्र हेर्दा समुद्रमा नित्य परिवर्तनशील तरंगहरू झैं अनेक भावना, विचार, संकल्प र काल्पनिक चित्रहरू देख्दछौं तर यस क्षोभको भित्र र पृष्ठमा कतै द्रष्टा या आत्मा नाम गरेको शान्त र नित्य साक्षी वर्तमान छ । तर द्रष्टा आत्मा स्वभावतः कुनै वस्तु सित नमिसिइकन अनात्म या दृश्यले रहित आफ्नै गौरवमा मज्जा संग रहन्छ ।"

जब सम्म यस उक्तिलाई मानिस आत्मसात गर्दैन वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुझ्न अक्षम रहन्छ तबसम्म त्यो व्यक्ति "ठूलो मानिस" भए पनि "बुद्धिमान मानिस" हुन सक्तैन । प्रतिष्ठालाभ नगरेर हो आत्मलाभ वा शान्तिलाभको अगाडि । किन्तु मानिस प्रतिष्ठाको प्रलोभनलाई संवरण गर्न सक्तैन र भारतीय दर्शनको वास्तविक तथ्यलाई हृदयंगम गर्न पट्टि अग्रसर (मुमुक्षु) बन्दैन । यो बडो दुःखको कुरो हो ।

आचार्यहरूको विश्लेषण क्रममा केही मत-विभिन्नता पाइ छ तापनि लक्ष्यानुसन्धानमा केही फरक छैन । मार्ग प्रदर्शनमा विभेद पनि हुने थिएन किन्तु अधिकारी भेदलाई स्वीकार गरिएकोले यसो हुन गएको हो । किनकि आचार्यहरू स्वयं दयावान हुनुहुन्छ । यो अधिकारी भेद डा० महोदयलाई अवगत हुन सकेन । त्यसैले उहांले लेख्नु भो "वादरायण और शंकर दोनों ही बलपूर्वक कहते हैं कि स्वप्नावस्था के तथा जागरित अवस्थाके प्रभावों में मौलिक भेद है । और यह कि जागरित अवस्थाके प्रभावोंका आधार बाह्य पदार्थोंका अस्तित्व है । किन्तु गौडपाद जागरित तथा स्वप्न अवस्था दोनों के प्रभावोंको एक साथ जोड देते हैं ।"

शंकरले आफ्ना कृतिहरूमा जाग्रत र स्वप्नलाई दुइ पृथक् श्रेणिमा कहीं राख्नु भएको छैन । शंकर स्पष्ट भन्नु हुन्छ— "डोरीमा सर्प झैं यो समस्त जगत् आत्मामा अवभासित भएको छ ।" "जाग्रत, स्वप्न, सुषुप्तिमा एकै संवित् उनिएको छ ।" "यो सम्पूर्ण जगत् चिन्मात्रको विस्तार हो ।" आदि आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यी उक्तिहरूले जाग्रत, स्वन र सुषुप्तिलाई एकै स्वरमा अयथार्थ भनेर उद्घोषणा गरी रहेका छन् । यस्ता उक्तिहरू छंदा छंदै स्वप्नावस्था र जागरित अवस्थामा मौलिक भेदको परिकल्पना गर्नु अवश्य आफ्नो भित्ररहेको डरलाग्दो भेदलाई ज्ञानवान् आचार्य-हरूको टाउकामा थुपार्ने निष्फल प्रयास मात्र हो । तत्र जाग्रत र स्वप्न हो स्वरूपको अग्रहण दशा । तव यिनमा कसरी मौलिक भेदको परिकल्पना गर्न सकिन्छ ? जाग्रत, स्वप्न र सुषुप्ति यी तीनै बुद्धिका अवस्थाहरू हुन् । यनैले समान रूपले मिथ्या वा नभएका हुन् ।

शंकरले मण्डन पण्डितलाई दिनुभएको वेदान्त उपदेशमा पनि यो कुरा स्पष्ट उल्लेख छ । तदपि मन्द अधिकारीको उपकारकालागि आचार्यपादले जाग्रतलाई व्यावहारिक सत्य भनी प्रतिपादन गर्नु भयो । यो सृष्टि-दृष्टिवाद हो । संक्षेपमा मैले माथि पनि यो कुरा निर्देश गरेर आएको छु । व्यावहारिक सत्य भन्नाले प्रतिभास (स्वप्न) संग यसको मौलिक भेद स्वीकार गरिएको भनेर ठान्नु बुद्धिको मन्दता हो । शंकरको यो भनाई दुर्जन सन्तोष न्यायलाई अवलम्वन गरिएको मान्नु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६ |

| गीतामृत

शङ्कर वशिष्ठको सिद्धान्तानुकुल लेखिएको गीताजीको प्रामाणिक एवं सरल टीका "गीतामृत प्रमाण तात्पर्य टीका" मा रम्मान्य डा० चक्रवर्ती महोदयको निम्न उद्धरण अधिकारी प्रसंगमा उपयोगी हुनेभएकोले उद्धृत गरिएको छ ।

प्रश्न–अधिकारी भेदले ज्ञान प्राप्तिको साधन क्रम स्पष्ट रूपले बताउनु होस् ।

उत्तर– सारा माहावाक्यको लक्ष्यार्थ हो शुद्ध ब्रह्म (अद्वैत आत्म तत्व) । यो लक्ष्यार्थको धारणा गराउनाकोलागि महावाक्यको प्रयास हो । त्यो प्रयास हो । उपाधिमात्र वर्जन पूर्वक एकत्वको (आत्मतत्वको) उपलब्धिमा सहायता गर्नु । बुद्धिको अत्यन्त शुद्धता भएको हुनाले सबभन्दा अल्प प्रयत्नमा नै अथवा विना प्रयत्नमा नै जो पुरुष अद्वैत आत्मतत्वमा पुग्न सक्तछन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिनी **उत्तम अधिकारी**– तिनी अजातवादी भनी कहलाउँछन् । जसको धारणा हो कि उपाधि (जगत) उत्पन्न नै भएको छैन तिनको बुद्धि एकैचोटी निरूपाधि ब्रह्मको साथ आफ्नो अभेद उपलब्धी गर्न सक्तछाजो त्यै उपाधिलाई केवल प्रातिभासिक भनी मान्छन् (तिनको लागि चित्त हो मिथ्या) तिनी अल्प प्रयासले भक्तिको सहाराबाट शुद्ध ब्रह्मसित आफ्नो अभेद उपलब्धि गर्छन् । तिनी हुन् **मध्यमाधिकारी** दृष्टि-सृष्टि वादी , जो उपाधि वर्जनको निमित्त प्रयत्न गरिकन (त्यसको लागि चित्त हो सत्य) शुद्ध ब्रह्म उपलब्धी गर्छ, त्यो हो **कनिष्ठ अधिकारी** सृष्टि दृष्टि वादी ।" (पृष्ठ ४०२–४०३)

अन्यत्र भनिएको छ– "सृष्टि दृष्टिवादी तीन सत्ता स्वीकार गर्दछ (१) व्यावहारिक (२ प्रातिभासिक र (३) पारमार्थिक । व्यावहारिक र प्रातिभासिक दुइ नै चैतन्यमा कल्पित दृश्यरूप भएतापनि व्यावहारिक हो वढ्ता सांचो र प्रातिभासिक हो एकछिनको लागि सांचो । सृष्टि–दृष्टिवादी चित्तलाई साँचो भनी ठान्दछ । दृष्टि–सृष्टिवादी व्यावहारिकलाई प्रातिभासिक भनी मान्दछ । त्यसकारण त्यो दुइ सत्ता स्विकार गर्दछ– (१) प्रातिभासिक र (२) पारमार्थिक । तीनको लागि चित्त हो मिथ्या । किनकि जो कुछ देखिन्छ– भित्रबाहिरको सारा दृश्य– त्यो हो अविद्याको कार्य र प्रतिभास मात्र । विचारबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिनको आपनू स्वरूपको अनुभव (ज्ञान समाधि या साक्षात्कार) सजिलो हुन्छ ।

अजातवादी (अस्पर्श योगी) एक पारमार्थिक सत्ता नै स्वीकार गर्दछन् तिनको लागि केही पनि उत्पन्न भएको हैन । प्रतिभास पनि छैन, किनकि तिनको चित्त हो शुद्ध चैतन्य रूप ।

(गीतामृत प्रमाण तात्पर्य टीका पृष्ठ ४०६-७)

यसरी अवस्थाहरूमा विभेद हुन गएको अधिकारी भेदले मात्र हो तत्वतः हैन भन्ने कुरा स्पष्ट देखियो । गीता "भाष्यमा भगवान शंकर स्पष्ट भन्नु हुन्छ–"ज्ञाने यत्नो नकर्तव्यं, किन्तु अनात्मबुद्धिनिवृत्तौ एव"। गीतामृतमा डा० चक्रवर्ती भन्नु हुन्छ– " ब्रह्मज्ञान अत्यन्त प्रशिद्ध भएको हुनाले त्यसको लागि यत्नको प्रयोजन छैन, किन्तु आपनो ब्रह्मस्वरूपमा अविद्याबाट आरोपित भएको कर्तृत्व भोक्तृत्वरूप सारा दृश्यलाई उत्तम मुमुक्षु पुरुष द्वारा निराकरणको लागि निरन्तर प्रयत्न गर्नु पर्छ ।"

उपरोक्त उक्तिहरूबाट स्पष्ट बुझिन्छ कि शंकरको दृष्टि पनि हो जाग्रदादि दृश्य प्रपञ्चलाई निराकरण गर्नु । यसैले गौडपादको सिद्धान्त संग शंकरको सिद्धान्तमा कुनै मौलिक भेद छैन । छ भनी मानेमा दुराग्रह पीडित दृष्टि भन्न बाध्य हुनु पर्दछ । वस्तुतः सबै नै आचार्यपादहरूको लक्ष्यानुसन्धान एउटै हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सात

गौडपाद र बौद्ध दर्शन

भगवान गौडपादको कारिकालाई बौद्धवादी विचार धारा संग समकोटीमा राख्नुवाट पनि ग्रन्थकर्ताको वेदान्त सिद्धान्त संग विच्छेद परिचय नभएको कुरा छर्लङ्ग देखिएको छ। हो, जहाँ संसारलाई निराकरण गर्ने प्रसंग छ कुनै पनि दर्शनको विचार प्रवाहमा समता हुन सक्छ किन्तु सिद्धान्ततः यिनीहरूमा महान भेद छ। विज्ञानवादी बौद्ध वाह्य जगतको स्वतंत्र सत्ता पछि अनुमेय सत्ता, तत्पश्चात् वाह्य जगतको निराकरण र सारावस्तुलाई विज्ञानस्वरूप भनी मान्दछन्। शून्यवादी बौद्धको मतमा शून्य नै परमतत्व हो, यही नै निर्वाण हो। यही शून्यमा पुगेर साधक परमपदलाई प्राप्त गर्दछन्। यस देखि पर कुनै गन्तव्य स्थान छैन।

बौद्धहरू श्रुतिलाई मान्दैनन् र श्रुतिप्रतिपादित सिद्धान्तलाई पनि यिनीहरू अयथार्थ भनेर मान्दछन्। यसैले यिनीहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मालाई मान्दैनन् । शून्यवादीहरू शून्यबाट जगतको सृष्टि भएको मान्दछन् ।

यसको विपरीत कारिका आत्मवादमा आधारित छ । आत्माको विस्मृतिबाट जगतको सृष्टि भएको हो । "यी भूत जसबाट उत्पन्न हुन्छन्, उत्पन्न भएर जसको आश्रयले जीवित रहन्छन् र अन्तमा विनाशोन्मुख भएर जसमा लीन हुन्छन् त्यसलाई विशेषरूपले जान्ने ईच्छा गर, त्यही ब्रह्म हो ।"

(Vision of Reality,)

"शून्य" को अर्थ "छैन" हो । शून्य छ भन्नु बिल्कुल विरोधार्थक शब्द हो ।

शून्य = अभाव

छ = भाव यस्तो अर्थ हुन आउँछ । "छैन" वस्तु "छ" हुन सक्तैन र "छ" वस्तु "छैन" हुन सक्तैन । यसरी एकमात्र शून्य छ भन्नु शून्यवादीहरूको भनाई युक्ति संगत ठहर्दैन ।

फेरि शून्यबाट जगतको रचना भयो भन्नु पनि युक्ति संगत होइन । छैनबाट छ कसरी पैदा हुन सक्तछ ?

यसरी बौद्धवादीहरू औपनिषदिक चिन्तनलाई मान्दैनन् । यसैले भगवान गौडपादले "नैतद् बुद्धेन भाषितम्" भनेर लेख्नु भयो "वह कुछ अधिक आगे बढ़कर विरोध के रूपमें कहता हैं कि उसका मत बौद्धमत नहीं हैं ।" डा० राधाकृष्णन्को यस उक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भारतीय दर्शनानुकूल होइन । बौद्ध सिद्धान्तभन्दा वस्तुतः धेरै अगाडि बढ्छ वेदान्त । कारिकाको विचारलाई बौद्ध सिद्धान्तको भावानुवादहो भनी टिप्पणी गनुँ भारतीय दर्शनकारको [illegible] न्यूनता वाहेक अरू केही होइन ।

मानुं, शून्यवाट पदार्थको उत्पत्ति भयो, तर कसरी ?"शून्यको विस्मृतिले" भनिन्छ भने यो जगत शून्यको परिणाम हो या विवर्त ? यी दुवै मान्न सकिन्न किनकि अधिष्ठान नै नभएको भए पछि त्यसबाट भावरूप विकल्प खडा हुनै सक्तैन । "यो केटी वन्ध्यापुत्री हो" भन्नु जस्तो अनर्गल कुरो हो "यो जगत शून्यवाट उत्पति भएको हो" भन्नु पनि त्यस्तै हो ।

भनाइको तात्पर्य के भने वेदान्त सिद्धान्त आफ्नो छुट्टै मौलिकता राख्दछ । यो कसैको भावानुवाद वा छायानुवाद होइन । त्यसैले यो स्वयं पूर्ण इकार हो । यसमा दुइ मत छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आठ

अध्यास

बुद्धवादी र अद्वैत मतको विचारमा समता नरहेको एउटा आर्को ज्वलन्त उदाहरण हेरौं । त्यो विषय हो भ्रम अथवा अध्यास यद्यपि भ्रमलाइ बौद्ध दर्शनले पनि मान्दछ किन्तु अद्वैत वेदान्तीको र यिनको विचारमा वैषम्यता पाइन्छ ।

ख्यातिवादहरुको भिन्न भेद भएतापनि अध्यास कालमा एक पदार्थाकार (डोरीमा) अरू पदार्थ (सर्प) को धर्मको मिथ्या प्रतीति सबै नै मान्दछन् । जस्तो :–

"डोरिमा सर्प देखिनु"

१) विज्ञानवादी बौध्दको मत (आत्म ख्याति)–डोरी–सर्प बुध्दिमा छ (बुध्दि नै सर्पको आकार धारण गर्दछ र बाहिरको भनी बोध हुन्छ । यो नै हो भ्रम । [बुध्दिको सर्परूपले भान र कथन]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अथवा बुध्दिको सर्प रूपले भान वाहिरी सर्पाकारमा प्रतीत हुन्छ । जो आन्तर हो त्यो नै वाहिरको पदार्थको आकारमा अवभासित हुन्छ ।

२) शून्यवादी बौध्दको मत–अत्यन्त असत् सर्पको रज्जु देशमा प्रतीत हुन्छ [अत्यन्त असत् सर्पको भान र कथन] । अथवा असत् रज्जुको असत् सर्पत्व युक्तरूपले प्रतीत हुन्छ । (शून्यवाद मा रज्जु–सर्प सारा पदार्थ नै हो शून्य । कुनै पदार्थ पनि छैन ।]

यसरी देखिन्छ विज्ञानवादी बौध्दहरू बुध्दिलाई नै सर्वेसर्वा मान्दछन् । शून्यवादीहरू त्यसलाई ठीक मान्दैनन् । उनीहरू सबै कुरालाई असत् (नभएको) भनी ठान्दछन् । नभएको सर्प देखिनु र त्यसको परिचर्चा गनु ं ।

डा० शाहेवको "इस में सन्देह नहीं हैं कि बौद्ध दर्शन तथा अद्वैत वेदान्तके विचारों में समानताएँ हैं । " [४६६ पृष्ठ] भन्ने कथनलाई राम्ररी हेनं यहां अध्यास भाष्य त्याइएको हो ।

भ्रम वारे बौध्द दर्शनको मत संक्षेपमा माथि लेखिहालें अब सिध्दान्तमत (अद्वैत वेदान्त मत) लेख्छु जसलाई अनिर्वचनीय ख्याति भनिन्छ ।

"रज्जु-भ्रम स्थलमा अन्तःकरण वृत्ति चक्षु इन्द्रियवाट निस्कन्छ र रज्जुसित त्यो वृत्तिको सम्बन्ध हुन्छ । तर चक्षुमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिमीर (मन्द अंध्यारो) आदि दोषरूप प्रतिवन्धले अन्तःकरण वृत्ति रज्जुको समान आकार धारण गर्दैन । त्यसकारण रज्जुको अज्ञानरूप आवरणको भंग हुंदैन । (अर्थात रज्जुको प्रतीति हुंदैन । परिणामले रज्जु चैतन्यमा अवस्थित अविद्यामा चाञ्चल्य उत्पन्न भएर त्यो अविद्या सर्पको आकारमा परिणाम प्राप्त हुन्छ ।"

(डा० चक्रवर्ती कृत चतुःसूत्री द्रष्टव्य)

शून्यवादी र विज्ञानवादी बौध्दहरूको विचारमा पनि समानता छैन । शून्यवादीलाई विज्ञानवादी भन्दछ — नभएको रज्जुमा नभएको सर्प देखियो भन्नु युक्ति संगत छैन । त्यसैले भन्नु पर्छ "बुद्धिरूप रज्जुमा कुनै चेला देखिएको हुनाले संस्कार रूपले बुद्धिमा बसेको सर्प देखिएको हो । यसैले सारा हो बुद्धिरूप" [विज्ञान वाद] । वेदान्तमत यी दुबै देखी भिन्न छ । वेदान्तको भनाई यस्तो हो –

अन्तःकरण वृत्ति डोरी–ज्ञान गर्न आंखारुपी ढोकाबाट वाहिर निस्कन्छ र डोरीसित त्यो वृत्तिको सम्बन्ध हुन्छ । किन्तु मन्द अन्धकार आदिरूप प्रतिवन्धले गर्दा त्यो वृत्तिले ठीक डोरीको आकार लिन सक्तैन । (डोरीको प्रतीति हुँदैन) । फलस्वरूप चैतन्यको आश्रयमा रहेको अविद्या क्षोभित हुन्छ (चञ्चल हुन्छ) र त्यो अविद्या सर्पको आकारमा परिणाम प्राप्त हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्प त अविद्यामा देखियो, सर्प-ज्ञान कसरी भयो नि ? यसको उत्तर यसरी दिइएको छ :—

सर्प जस्तो अविद्याको परिणाम हो, सर्पको ज्ञानरूप वृत्ति पनि अविद्याको परिणाम हो । सर्प-ज्ञान अन्तःकरणको परिणाम होइन । डोरीको ज्ञान भए जसरी सर्प वाधित हुन्छ त्यसै गरी सर्पको ज्ञान पनि वाधित हुन्छ । सर्पज्ञान अन्तःकरणको वृत्तिरूप (व्यावहारिक) ज्ञान भए रज्जुको ज्ञान द्वारा त्यो वाधित हुने थिएन । त्यसैले सर्प भ्रम र सर्प हो अविद्याको वृत्ति किम्वा कार्य । अविद्याको तमोगुणवाट सर्प खडा हुन्छ र सत्वगुणवाट सर्प ज्ञान खडा हुन्छ । त्यो हो सत् र असत् देखि विलक्षण किम्वा मिथ्या । यो हो अनिर्वचनीय ख्याति नामले प्रसिद्ध आचार्य शंकरको भ्रम विषयक मत ।

वौद्ध दर्शन र अद्वैत दर्शनको विचारधारामा समानता छैन भन्ने कुरा देखाउन यो अध्यास भाष्यलाई मैले आफ्ना परमाराध्य गुरुदेव श्रोत्रिय ब्रह्मनिष्ठ डा० श्री क्षितीशचन्द्र चक्रवर्ती द्वारा रचित चतुःसूत्री नामक नेपालका अखिल अद्वैत विश्व विद्यालयहरूको पाठ्य ग्रन्थवाट देखाएको हुं ।

माथि मैले ज्ञानीको व्यवहार वाधितानुवृत्ति द्वारा हुन्छ भनी संक्षेपमा देखाएर आएको छु । मृत-मन द्वारा किम्वा दग्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन द्वारा सम्पादित हुन्छ भन्नु अथवा ज्ञानीको सरूप मनोनास भएको हुन्छ भन्नु एकै कुरा हो । यसैले वेदान्तमा मनको यति ठूलो भूमिका रहेको छ । यी उक्तिहरूबाट ज्ञानी कसरी व्यवहार गर्दछ, ज्ञानीको व्यवहार कस्तो हो आदिवारे स्पष्ट हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नौ

दर्शन र वर्तन

एउटा आर्को कुरा यहां अझ स्पष्ट गरिदिनु वेश होला। डा० महोदयको भनाई "ईस प्रकारकी प्रकल्पना में सवसे वडा दोष यह हैं कि हम ऐसे प्रमेय पदार्थों में लगे रहने के लिए वाध्य होते हैं।" वाट बुझिन्छ कि जगतलाई मृगमरिचिका मात्र वा "दिखावमात्र" भने पछि यहाँ व्यवहार नै नगनुँ पर्नें। किम्बा जगतलाई ब्रह्मरूप भनेर माने पछि यहांको क्रीडाक्षेत्रमा नखेल्नु पर्नें।

मोटामोटी हेर्दा उहाँको कथन ठीक नै हो कि भैं देखिन्छ किन्तु उहांको यो कथन हो सर्वथा अपरिमार्जित र अपरिपक्व। किनभने दर्शन र वर्तन भन्ने वेदान्तको नबुझिनहुने विषयलाई उहाँले पर्त्त पाउनु भएन।

एकजना मानिस जगतमा ब्रह्मदर्शन गर्न सक्तछ अथवा जगत देखिदा ऊ ब्रह्मवस्तुलाई देख्न सक्तछ। यसलाई दर्शन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दछन् । एक आत्म चैतन्य नै भिन्न वाहीर जतासुकै जाज्वल्यमान छ भनेर ऊ निश्चय गर्दछ । परिडतहरू समदर्शी हुन्छन् भन्नुको अर्थ यही हो । किन्तु आज भोलिका परिडतहरू "सम दर्शन"लाई "सम वर्तन" तिर लगेर अर्थलगाई दिन्छन् । फलतः आफू विग्रनुका साथै अरू चार जनालाई पनि विगारिदिन्छन् । वर्तमानमा डा० शाहेवको अर्थ वहुधा यही मानेमा सार्थक भएको देखिन्छ । दर्शन र वर्तन वारे विस्तृत थाहा पाउन अद्वैत संस्थाको मुख पत्र "साक्षात्कार" त्रैमासिक पत्रिका वर्ष ३, अंक ४ मा लेखकको "दर्शन र वर्तन" शिर्षक प्रवन्ध हेनुं होला ।

यसरी यथार्थ दर्शन भए के लाभ हुन्छ त ? धेरै ठूलो लाभ हुन्छ । त्यो ठूलो लाभ के हो ?

सारा मानिस दुःखवाट मुक्त हुन चाहन्छन् । आत्म ज्ञानको पहिले दुइ प्रकारको दुःख हुन्छ । (१) वुद्धि स्वभाव जनित र (२) मोहजनित । प्रथम दुःख हो अन्तरंग शरीरगत रोगादि तथा वहिरंग वाह्य विषय निमित्तक अपमान दारिद्रयादि दुःखवाट तदाकार मनोवृत्तिको उत्पत्ति । त्यो हो मनोगत (मनमा आत्माको तादात्म्य अध्यास भएको हुनाले मनोगत धर्म आत्मरूपले प्रतीत हुन्छ त्यसैले प्रतिविम्व चैतन्य तत् तत् दुःखमा दुःखी भइहाल्छ– जस्तो अनभिज्ञ (अविवेकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानिस) मलिन ऐनामा मलिन मुख देखेर वास्तव मुख मलिन भएछ भनी शोक गर्दछ । वास्तवमा मालिन्य हैन दर्पणगत, मुखगत होइन । यसप्रकार विवेकी पुरुष जानेर मालिन्य देखेतापनि अलिकति पनि शोक गर्दैन । त्यस्तै अविवेकी पुरुष मनोगत दुःखलाइ आत्मगत मानिकन दुःखी भइहाल्छ । किन्तु विवेकी अविवेकीले झैं दुःखादिलाई त देख्छ तर यो दुःख आत्मामा छैन यसप्रकार निश्चय गरिकन अलिकति पनि दुःख किम्वा परिताप गर्दैन । शरीरादिको दुःख — मनद्वारा नै आत्मामा प्रतीत हुन्छ अरु प्रकारले हुंदैन । यसकारण सुषुप्ति दशामा जव मनसित तादात्म्य अध्यास निवृत्त हुन्छ तव शरीर आदिमा पहिले झैं विद्यमान रोगादिको अल्प पनि भान हुँदैन । यसवाट स्पष्ट बुझिन्छ कि आपनो चैतन्य स्वरुपमा वास्तवमा शोकादि छैन–शोकादि हुनु आरोपित मात्र । त्यसकारण यो दुःख हो बुद्धि–स्वभाववाट उत्पन्न भएको । विषयाकार परिणाम हुनु र त्यो परिणामलाई आभास चैतन्यमा देखाउनु हो बुद्धिको स्वभाव । मनुष्य अज्ञानवस त्यो परिणाम आत्मगत भनी जानेर तदनुरुप सुखी किम्वा दुःखी भै हाल्छ ।

द्वितीय दुःख मोहवाट उत्पन्न हुन्छ । "धेरै जन्म देखी म भयंकर दुःख राशिमा मग्न भइ राखेको छु, यो दुःख राशिबाट उद्धार गर्न मेरो सामथ्य छैन" यस प्रकार दुःखलाई मोह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनित दुःख भनेको छ । वेदान्त शास्त्रमा उपदिष्ट आत्मज्ञान द्वारा यसे सम्पूर्ण दुःखबाट मुक्ति हुन्छ । केवल अज्ञान वसात् मानिस यसलाई जान्न सक्तैन– मोह वशात् त्यो निश्चय गर्छ कि संसार दुःखबाट उद्धार कहिले पनि संभव छैन ।

पहिले बताइएका दुइ प्रकारका दुःख भित्र बुद्धि स्वभाव बाट उत्पन्न भएको दुःख प्रारब्ध कर्म जनित भएको हुनाले केवल भोगबाट नै निवृत्त हुन्छ, अरू उपायले हुंदैन । तर दोस्रो चाहीं मोह जनित दुःख हो । त्यो आफ्नो आत्म स्वरूपको ज्ञान द्वारा निवृत्त भै हाल्छ । किनभने यो दुःख भ्रमबाट उत्पन्न हुन्छ र तत्वज्ञानद्वारा भ्रम निवृत्त भए यो दुःख निवृत्त हुन्छ । कर्म जन्य सुख र दुःख ज्ञानी र अज्ञानी दुवैले समान रूपले भोग गर्नु पर्छ अरु उपायबाट त्यो निवृत्त हुंदैन । किन्तु ज्ञानी प्रारब्ध कर्म अधिन सुख दुःखादि भोगको समयमा सुखमा हर्ष र दुःखमा शोक गर्नु हुन्न ।"

[ब्रह्मनिष्ठ डा० चक्रवर्ती रचित "अद्वैत चिन्तामृत" द्रष्टव्य ।]

यहांबाट के देखियो भने जगतको सत्यत्व बुद्धिले गर्दा अज्ञानी मानिस पनि छिन छिनमा दिनको असंख्य पल्ट आत्मामा पुगेर पनि ऊ जगत कै आगमापायी सुख र दुःखको अनुभव गर्दछ । आत्मज्ञानी जगतको मिथ्यात्व निश्चयले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दा जगत मित्रको पुरस्कार शून्य हो भनी जानेकोले जीवनको क्रीडा क्षेत्रमा खेलेर पनि आत्म दर्शन कै आनन्द लिईरहन्छ। ★

यसरी थाहा भयो दर्शन र वर्तंत भनेको दुइ विभिन्न कोटीका कुरा हुन्। तर मानिस नचाहिदो तर्कं गरि रहन्छन्। शंकरले अन्तकालमा आफ्ना शिष्यहरू र राजा सुधन्वालाई यस्तो उपदेश दिनु भएको छ—

"दुस्तर्कात्सुविरम्यतां श्रुतिमतस्तर्कोनुसन्धीयताम्"। किनभने कुतर्कं डरलाग्दो हुन्छ। यसैले म सम्मान्य डा० राधा-कृष्णनज्यूलाई आफ्नो कुतर्कलाई पखालिपठाउनु हुन सविनय अनुरोध गर्दछु। त्यसका लागि प्रस्तुत लेख सहायक सिद्ध हुनेछ भन्ने मलाई विश्वास छ।

★
★★

★ [काशीबाट प्रकाशित "सिद्धान्त" पत्रिकामा क्षितीशचन्द्र चक्रवर्ती लिखित "चित्तविश्रान्ति" नामक लेख द्रष्टव्य]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दश

साक्षी

"साक्षी र जीव" नामक शीर्षक तिर म एकछिन ग्रन्थकारको ध्यान आकृष्ट गर्न चाहन्छु । "शाश्वत चैतन्यको साक्षी कहा जाता हैं जबकि अन्तःकरण इसके नियामक रूपमें सहायकका काम करता है । और उक्त सहायक के द्वारा यह प्रमेय विषयों को प्रकाशित करता हैं ।" भन्ने यहांको उक्तिले साक्षी विषयक यहाँको धारणा स्पष्ट देखिदैन । भगवान शंकरले जसलाई साक्षी भन्ने संज्ञा दिनु भएको छ, त्यो हो अन्तःकरण र अन्तःकरणका विविध वृत्तिहरूको प्रकाशक । प्रमेय वस्तुहरूलाई प्रकाशित गर्न साक्षीलाई अन्तःकरण समूहको सहायता चाहिने भए साक्षीलाई शाश्वत चैतन्य शब्द प्रयोग गर्नु निरर्थक हुन जान्छ । साक्षी शास्वत चैतन्य भएको हुनाले स्वयं- प्रकाश हो । अनि स्वयं प्रकाश वस्तु भएको हुनाले कसैको सहारा पनि साक्षीलाई चाहिंदैन । अन्तःकरणको भाव र विशेष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरिकन अभावलाई पनि प्रकाश गर्ने हुनाले यो चेतनको नाउँ साक्षी रहेको हो। जाग्रत र स्वप्नमा अन्तःकरण रहेको र सुषुप्तिमा अन्तःकरण नरहेको साक्षी जान्दछ। यसैले साक्षीको आवश्यकता रहन गएको हो। साक्षी नभए अन्त.करणको भाव अभावलाई कसले प्रकाश गर्ने ? शंकरले विशेष गरिकन यही साक्षी भावमा मानिसको दृष्टि पुऱ्याउन जोड् दिनु भएको छ। मनीषा पञ्चक आदि फूटकर रचनाहरूबाट पनि यो कुरा छर्लंग संग थाहा हुन्छ। प्रमाताभाववाट उठाई साक्षी भावमा पुऱ्याउन बढ्ता जोड् दिनुका साथै शंकरले ठाउँ ठाउँमा साक्षी-भावलाई उल्लंघन गर्ने कुराको पनि निर्देश गर्नु भएको छ। आफूलाई सुखी दुःखी, बन्धनमा परेको भनी मान्नु संभव हुन्छ मात्र अविचारले। तिनको प्रकाशक साक्षीलाई आफू भनेर मानेमा मानिस चाँडै नै दुःखबाट मुक्त हुन्छ।

यसरी जानिन्छ कि साक्षी कुनै वस्तुको सहाराविना पनि प्रकाशित गर्दछ। यसको स्पष्टिकरणका लागि हामी सुषुप्ति विचार गरौं। सुषुप्तिमा अन्तःकरण रहंदैन। त्याहाँ भोक्ता आनन्दमय (अज्ञानमा प्रतिविम्बित साक्षी) विद्यमान रहन्छ, जो अविद्यावृत्तिद्वारा स्वरूप सुख भोग्दछ। त्यसैले जागे पछि "म सुख संग सुतेको थिएँ, केही पनि थाहा पाउन सकिन" भन्ने स्मरण हुन्छ। यी दुइटै कुरालाई प्रकाश गरेर साक्षी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(स्वप्नानन्दमय होइन सौषुप्तानन्दमय) वसेको थियो जुन साक्षी मानिसको वास्तविक स्वरूप हो। यहांको विषय प्रकाशित गर्न साक्षीलाई अन्तःकरणको आवश्यकता परेन । किनकि सुषुप्तिमा अन्तःकरण त अविद्यामा लीन भै हालेको हुन्छ ।

यसबाट भारतीय दर्शनमा देखाइएको साक्षी विषयक विश्लेषण निराधार [न पाण्डित्यपूर्ण र न त अनुभवपूर्ण नै] हुन गएको छ ।

卐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एघार

मुक्ति

मोक्षको प्रसंगमा आएर ग्रन्थकर्ता लेख्नुहुन्छ "जब प्रतिबन्ध दूर हो जाते हैं तो आत्मा मुक्त हो जाती है ।" यस कथनमा एउटा यस्तो जिज्ञासा खडा हुन्छ "के आत्मा कहिल्यै बन्धनमा परेको छ ? वा थियो ?" यदि हो, थियो; भनिन्छ भने आत्मालाई शाश्वत चैतन्य भनेर ग्रन्थकर्ताले स्वीकार गर्न पाईंदैन (पृष्ठ ५९९) । आत्मा अज्ञान रहित हो, नित्यमुक्त हो, मायातीत हो, शुद्ध हो, बुद्ध हो, ज्ञानरूप हो, आनन्दरूप हो भनेर श्रुति, स्मृति, न्याय निर्घोष गर्दछ । र अनि विद्वानको अनुभव पनि यसमा प्रमाण छ ।

शंका होला, के "उनी भए जीव मुक्त हुन्छ भन्नु युक्ति संगत ! हो त ?" यो कथन पनि ठीक होइन । वेदान्तमा जीवलाई मुक्त हुन्छ भनेर बताइएको छैन । जसरी एउटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भेंडा बाघ हुन सक्तैन त्यसै गरी जीव (प्रमाता) पनि मुक्त हुन सक्तैन ।

उसो भए मुक्त को हुन्छ त ? जो बन्धनमा परेको छ त्यो नै मुक्त हुन्छ । आत्मा बन्धनमा परेको छैन – तपाई पो बन्धनमा पर्नुभएको छ । बन्धनबाट उन्मुक्त नभैकन तपाई आत्मा होइन । त्यो तपाई जीव [प्रमाता] पनि होइन । प्रमाता मुक्तिको चाहना गर्दैन । उ त संसारको चाहना पो गर्दछ । उसो भए त्यसको नाउँ के हो त ? त्यसको नाउँ मुमुक्षु हो । प्रतिवन्ध हटे पछि मुमुक्षु मुक्त हुन्छ । किनकि प्रमातृभाव या जीवभाव त्यसको स्वरूपमा अविद्या द्वारा आरोपित (कल्पित) हुन्छ । त्यो जीवभाव वास्तवमा त्यसको साक्षी चैतन्य स्वभावदेखि फरक होइन । जवसम्म मन वृत्तियुक्त रहन्छ तवसम्म भित्र अवस्थित विम्वभूत चैतन्य त्यही चञ्चल मनमा प्रति–विम्वित भएर प्रमाता, प्रमेय आदि रूपले देखिन्छ (साक्षी-बाट थाहा हुन्छ) जव मनको चञ्चलता रहंदैन (ब्रह्म ध्यान–बाट मन जव क्रमले वृत्ति शून्य भै हाल्छ) तव आभास चैतन्य साक्षी चैतन्यमा पर्यवसित हुन्छ । (पहिले प्रतीयमान आभास अहिले आफ्नो चैतन्य स्वभावमा हराइहाल्छ) । यसरी मुमुक्षु त्यसको यथार्थ स्वरूपमा स्थित भैकन स्वप्रकाश आफ्नो स्वरूपलाई स्वयं अनुभव गर्छ (गीतामृत द्रष्टव्य)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

के यो अनुभव गर्नु कर्म रूपले हो ? होईन卐 । कारिकामा भनिएको छ– "ब्रह्म स्वरूप आफूबाट प्रकाशित भैहाल्छ ।" शंकर भन्नु हुन्छ— "म प्रमाणद्वारा जानिने वस्तु (ज्ञेय वस्तु) होइन, मलाई देख्न (साक्षात् जान्न) मेरो स्वरूप देखि अतिरिक्त अरू साधन चाहिंदैन ।"

वशिष्ठ भन्नु हुन्छ–"प्रस्तरको कुनै रेखा जस्तो पत्थरमा अवस्थित भइकन पत्थर देखि अभिन्न आफूलाई साक्षात् जान्दछ त्यस्तै मुमुक्षु अचलबुद्धि द्वारा अखण्ड आफ्नो चैतन्य स्वरूपमा स्थित भएर ब्रम्हलाई साक्षात् अनुभव गर्छ ।"

[ब्रह्मनिष्ठ डा० चक्रवर्ती रचित "ईश्वर-विज्ञान" हेर्नु होला]

यो मुमुक्षुलाई अज्ञात आत्मा भनिएदेखि बढ्ता युक्ति संगत होला । आत्मा त आत्मा नै हो तर नजानिएको आत्मा हो मुमुक्षु । त्यसैले यिनमा अज्ञान बस्दछ । हुनत "आत्मा मुक्त हुन्छ" भन्दा उति नमिल्ने हैन किन्तु वादीलाई तर्क खडा गर्ने अवसर प्राप्त हुन जान्छ । तसर्थ मुमुक्षु मुक्त हुन्छ भन्नु नै युक्तियुक्त हो । यसोभए अज्ञान बस्ने ठाउँ पनि पाइयो । यही अज्ञात आत्मामा अज्ञान रहन्छ तर ज्ञात आत्मामा रहन्न । अथवा ब्रह्ममा अज्ञान बस्छ किन्तु ब्रह्मज्ञानीमा अज्ञान रहंदैन । (ब्रह्मज्ञानी हो साक्षात् जानिएको सत् वस्तु,

---

卐 मेरो 'भ्रमनिराकरण' नामक पुस्तिका (स्वामी ईश्वरानन्दजीको लेखको खण्डन) पृष्ठ ६–७ हेर्नु होला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसमा अज्ञान वस्न पाउँदैन ।)

यावत् आफूलाई आफूले जान्दैन तावत् ब्रह्मरूप आफूमा अज्ञान वसेको हुन्छ । ब्रह्मलाई जाने पछि ब्रह्मरूप आफूमा अज्ञान देखिंदैन । जस्तो काठमा आगो वसेको हुन्छ तर त्यो आगोवाट काठ डढ्दैन । त्यस्तै ब्रह्मरूप अधिष्ठानमा अज्ञान वसेको हुन्छ । वालेको आगोवाट जस्तो काठ नष्ट हुन्छ त्यस्तै साक्षात्कार गरेको ब्रह्म अज्ञानलाई नाश गरी दिन्छ ।"

[— डा० चक्रवर्ती कृत "स्वरूप प्रकाश" द्रष्टव्य]

ब्रह्मज्ञान भएपछि नै मानिस शान्ति लाभ गर्न सक्तछ । त्यही नै मानव जीवनको काम हो । द्वैत प्रपञ्चमा आग्रह रहिरहे सम्म आफू अद्वैत सुखरूप वस्तु भएर पनि मानिस त्यसलाई अनुभव गर्न सक्तैन अपितु संधै दुःखको नै अनुभव गरी रहन्छ ।

आत्मज्ञानी [पण्डित वा विद्वान] को काम हो अनुभव पूर्ण वाटो देखाएर मानिसलाई भूलवाट उम्काउनु ।

**
**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाह्र

उपसंहार

यसरी अद्वैत दर्शनको गहिराइमा पुग्ने क्षमताको अभावले सो दर्शनलाई युक्तिसंगत छैन भनेर कलङ्कित गर्न खोज्नु कुनै पनि शिष्टको कर्तव्य होइन— वरू त्यस गहिराइमा पुग्ने प्रयास गर्नु नै सबैको ऐकान्तिक कर्तव्य हो भन्ने म ठान्दछु ।

जहाँ सम्म ज्ञानीले क्रीडाक्षेत्रमा भागलिनु भन्ने प्रसंग छ, मुमुक्षुले बुझ्नु पर्दछ कि ज्ञानीको जीन्दगि नै हुंदैन । जीन्दगि हुन्छ अज्ञानीको । जब जीन्दगि नै छैन त क्रीडा क्षेत्रमा भागलिनु भन्ने प्रसंग सुदूरपराहत भै हाल्यो । ज्ञानी हो ब्रह्म नै, शरीर होइन । 'ब्रह्मलाई जान्ने ब्रह्म नै हुन्छ" भन्ने कुरा वेदान्तका सामान्य विद्यार्थीले पनि बुझेकै हुनुपर्ने । उदेक लाग्दो वा दुःखलाग्दो कुरो त के भने अज्ञानी आफू क्रीडा-क्षेत्रमा भाग लिरहन्छ, त्यसबाट आफू कहिले सुखी र कहिले दुःखी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दछ— त्यस विकारलाई ज्ञानीको टाउकामा थुपार्दछ र भन्दछ— "ज्ञानीले क्रीडाक्षेत्रमा भागलिनु युक्ति संगत होइन ।"

हुनत कुनै पनि पवित्र वस्तुलाई कसैले कलुषित बनाउन खोज्दैमा त्यो कलुषित हुने होइन । जस्तो लाटोकोशेरोले प्रकाश-पुञ्ज मार्तण्डलाई अंध्यारोको डल्लो भनेर मान्दैमा भूवन भाष्कर त्यस्तो हुँदैन । मेरो भनाई त्यस्तो पनि नभएमा राम्रो हुने थियो भन्ने हो ।

सम्मान्य डा० राधाकृष्णन् महोदय संग अद्वैत वेदान्तको परम पवित्र सिद्धान्तलाई, गौडपाद महानको माण्डूक्य कारिकालाई राम्रो बुझ्नु हुन अनुरोध गर्दछु । अड्कल भन्दा अनुभवको साम्राज्य नै कल्याणकारी हुन जाने कुरो सर्व प्रसिद्ध छ । अनि अनुभव नै मीठो र स्वादिलो पनि हुन्छ । अनुभूतिपूर्ण कृतिले नै जन मानसमा विशाल ठाउँ ओकट्दछ अन्यथा लेखकको कृतिमा मात्र होइन त्यस कृतिले विश्लेषण गर्न खोजेको विषय वस्तु प्रति नै मानिसको अश्रद्धा र अविश्वास पैदा हुनजान्छ । अजन्य सुख र स्थायी शान्तिको बाटो देखाउने एकमात्र अद्वैत वेदान्त हो, यसमा शंका छैन । यसको मर्म-लाई बुझ्न नसकी विशिष्ट लेखकहरूले विवाद खडा गर्नु यस प्रति अवश्य कुठाराघात हो भनेर मान्न सकिन्छ । आगामि प्रकाशनमा यस्ता त्रुटिलाई संशोधन गरियोस् र कृतिलाई त्रुटि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहित बनाइयोस् ।

अन्तमा, म श्रद्धेय पण्डित, विश्व प्रसिद्ध दार्शनिक एवं गणतन्त्र भारतका सम्मान्य भूतपूर्व राष्ट्रपति श्रीमान डा० राधाकृष्णन् संग उहाँको पण्डित्यपूर्ण कृति वारे सुझावको रूपमा केही कुराहरू जनाउनु परेकोमा अन्यथा नसंझनु हुन सविनय अनुरोध गर्दछु ।

अनि साथसाथै अद्वैत वेदान्तको मर्मलाई यथार्थतया बुझ्न एकमात्र विचार प्रधान आध्यात्मिक प्रतिष्ठान अद्वैत संस्था नेपाल र यस संस्थामा पाइने नेपाली अत्युत्तम ग्रन्थ अनि यस संस्थाका संस्थापक प्राच्य पाश्चात्य सर्व विद्या कुशल, सुप्रशिद्ध शिक्षाविद् श्रोत्रिय ब्रह्मनिष्ठ डा० श्री के० सि० चक्रवर्ती महोदयसंग सम्पर्क स्थापित गर्न पनि सविनय अनुरोध गर्दछु । म विश्वास गर्दछु, यस सम्पर्कद्वारा पाण्डित्य मान्यतादि अभिमान निराकृत हुन जानेछ र जीवन कृतकृत्य हुनेछ ।

धन्यवाद !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

शुद्धि पत्र

पृष्ठ	पंक्ति	अशुद्ध	शुद्ध
१	८	महोदय	महोदयको
६	१४	पुरूष्कार	पुरस्कार
७	६	विज्ञान	विद्वानले [कुनै कुनै मा]
१६	५	टैजस	तैजस
३४	६	शून्यवाड	शून्यवाद
४०	२०	सामथ्य	सामर्थ्य
४१	८	दु ख	दुःख
४३	७	लाइ	लाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकका अन्यान्य रचनाहरू

१. भ्रम निराकरण
[स्वामी ईश्वरानन्दजीको लेखको खण्डन]

२. पञ्चदशी: एक अध्ययन

३. वेदान्तको व्याख्यामा असाधारण भूलहरू [प्रेसमा]

卐 शृङ्गेरीमठाधीश स्वामी चन्द्रशेखर भारतीज्यूबाट सर्ववेदान्तसिद्धान्तसारसग्रहको अनुवादमा भूल ।

卐 स्व० मुनिलालजीको असावधानता [विवेक चूडामणि १२६ श्लोकको अनुवादमा भूल]

卐 स्वामी सत्यानन्द सरस्व[illegible], टेढीनीम का[illegible]
सर्ववेदान्तसिद्धान्तसारसग्रहको अनुवादम

मुद्रक :– भारती प्रेस, नारायणगढ चितवन नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu